कालिकामाई गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

हरिहरपुरबिर्ता, पर्सा

मधदेश प्रदेश, नेपाल

## माछा पालन प्रयोजनका लागि सार्वजनिक पोखरीको खुल्ला डाँक बढाबढ सम्बन्धि सुचना

**(दोस्रो पटक प्रकाशन मिति :२०८०।०९।१६ गते)**

१. यस कालिकामाई गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०८०।०९।०६ गते बसेको बैठक निर्णयानुसार यस गाउँपालिका अन्तर्गत रहेका सार्वजनिक पोखरीहरुमध्ये मिति २०८०।०६।०५ गतेको प्रथम पटक सुचना प्रकाशन गर्दा तपसिल बमोजिमका पोखरीहरुको लागि रित्त पुर्वक दरखास्त प्राप्त नभएकोले पहिला तोकिएको न्युन्तम दरमा १०%(दस प्रतिशत) कम गरि पुनः सो पोखरीहरुको माछा पालन प्रयोजनका लागि टेन्डरको सम्झौता भएको मिति देखी ५ (पाँच) वर्षको लागि पोखरी ठेक्कामा दिईने भएकोले पोखरीको खुल्ला डाक बढाबढमा भाग लिने इच्छुक व्यक्ति वा इच्छुक इजाजत प्राप्त फर्म/कम्पनी/संस्थाले देहाय बमोजिमको शर्तहरुको अधिनमा रही रितपुर्वकको छुटाछुटै निवेदन पेश गर्नुहुन भनि यो सुचना प्रकाशित गरिएको छ ।

२. **<u>निवेदन दिनुपर्ने अन्तिम मिति</u>** : यो सुचना प्रकाशित भएको मिति देखी १५ औं दिनसम्म (मिति २०८०।१०।०१ गतेसम्म, सार्वजनिक विदा भएमा त्यसको भोलिपल्ट) यस कार्यालयको नाममा ग्लोबल आई.एम.ई. बैंक विरंचिबर्वा शाखामा रहेको आन्तरिक राजश्व खाता नं. ३६४०४०१००००००५ मा रु २०००।– (दुई हजार मात्र) (पछि फिर्ता नहुने गरी) रकम बुझाई रसिद संलग्न राखी यस कार्यालयमा सम्बन्धित व्यक्तिले नागरिकताको प्रतिलिपी वा फर्म/संस्थाका अधिकार प्राप्त प्रतिनिधिले (फर्म/संस्थाको हकमा आध्यावधिक नविकरण गरेको, व्यवसाय दर्ताको, संस्था वा कम्पनी दर्ताको, मुल्य अभिवृद्धि करमा दर्ताको, स्थायी लेखा नम्बर (PAN) दर्ताको तथा हालसम्मको कर चुक्ता गरेको प्रमाणित प्रमाणपत्रको प्रतिलिपिहरु निवेदन साथ पेश गरी निवेदन दर्ता गराउनु पर्नेछ । निवेदन दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा विदा पछिको कार्यालय खुल्ने दिन अन्तिम दिन हुनेछ ।

३. **<u>ठेक्काको किसिम</u>** : खुल्ला डाँक बढाबढ ।

४. **<u>धरौटी सम्बन्धमा</u>** :- ईच्छुक नेपाली नागरीकले आफुले कबोल गर्ने अंकको ५ % (पाँच प्रतिशत) रकम पहिला नै यस कार्यालयको नाममा ग्लोबल आई.एम.ई. बैंक, विरंचिबर्वा शाखामा रहेको धरौटी खाता नं. ३६४०४०१००००००३ मा दाखिला गरेको सक्कल भौचर वा यस कार्यालयको नाममा जारी भएको कम्तीमा ९० दिन म्याद भएको (निवेदन बुझाउने अन्तिम मिति देखी) नेपाल सरकारको मान्यताप्राप्त बैंकबाट जारी भएको बिडबण्ड डाँक बढाबढ हुनु भन्दा कम्तिमा १ (एक) घण्टा अगावै पेश गर्नु पर्नेछ । यसरी पेश गरिने जमानत वापतको भौचर, रसिद वा बिडवण्ड यो सुचना प्रकाशित भएको मिति पछिकोलाई मान्यता दिईनेछ ।

५. **<u>खुल्ला डाँक बढाबढ हुने मिति, समय र स्थान</u>** :- निवेदकहरुको रोहबरमा निवेदन दिने अन्तिम मितिको भोली पल्ट दिनको ९:३० बजे यस कार्यालयमा खुल्ला डाँक बढाबढ हुनेछ । डाँक बढाबढमा आफुले राखेको धरौटी रकम बमोजिमको कबोल अंक भन्दा बढी कबोल अंक बोल्न पाईने छैन ।

६. डाँक बढाबढ सम्बन्धि सुचना संशोधन भएमा यस कार्यालयको सुचना पाटीमा तथा अनलाईन मार्फत प्रकाशन गरिनेछ ।

७. अन्य कार्यविधिहरु सार्वजनिक खरिद ऐन, २०६३ (संशोधन), सार्वजनिक खरिद नियमावली २०६३ (संशोधित) तथा अन्य प्रचलित ऐन, नियम बमोजिम हुनेछ ।

८. डाँक बढाबढ सम्बन्धि थप जानकारीका लागि यस कार्यालयमा कार्यालय समयभित्र सम्पर्क गर्न सकिने छ ।

९. विगतमा ठेक्का सकार गरी समयमा किस्ताको रकम नबुझाएका ठेकेदार तथा तिनका ३(तिन) पुस्तेका नातेदारहरु यस ठेक्कामा भाग लिन पाउने छैन ।

**१०.ठेक्का साकारमा प्रथम हुने व्यक्ति वा फर्मलाई ७(सात) दिन भित्र सम्झौता गर्न आउने भनि पत्र पठाउँदा सम्पुर्ण प्रकृया, धरौटी आदी जम्मा गरी ७ (सात) दिन भित्र सम्झौता गर्न नआएको खण्डमा क्रमशः दोस्रो र तेस्रो हुने ठेक्कादार वा फर्मलाई सम्झौता गर्न पत्राचार गर्ने साथै प्रथम, दोस्रो, वा तेस्रो ठेकेदारहरुमध्ये क्रमशः समय भित्र समझौता गर्न नआएमा राखेको धरौटी जफत गरि ठेक्का रद गरिनेछ । उक्त बाहेकका अन्य प्रकृयाहरु रकम र सरकारी ठेक्का बनोबस्त ऐन, २०२० र नियम २०२२ तथा अन्य प्रचलित कानुन बमोजिम हुनेछ ।**

**११. पोखरीको ठेक्का वापतको किसता अर्धवार्षिक रुपमा ठेकेदारहरुले बुझाउनु पर्ने छ ।**

**१२.सम्पर्क व्यक्ती** श्री बिक्रमा प्रसाद बरै, जिन्सी शाखा प्रमुख, सम्पर्क नं.९८४५०३९१०७

| ठेक्का नं. | अवस्थित | पोखरिको नाम | पानिले ओग्टने क्षेत्रफल | ठेक्काको न्युनतम अंक (पाँच वर्षको लागि) | फारम दस्तुर | कै. |
|---|---|---|---|---|---|---|
| ०१/२०८०/०८१ | साविक गा.वि.स. मुडली-९ | ब्रहम पोखरी | २-०-० | ४९,३२,९००।- | २०००।- | |
| ०२/२०८०/०८१ | साविक गा.वि.स. मुडली-१ | मुरधरिया पोखरि | ०-८-१३ | १३,७९,७००।- | २०००।- | |
| ०५/२०८०/०८१ | साविक गा.वि.स. मुडली-४ | सार्वजनिक पोखरी | ०-११-० | २१,६४,०५०।- | २०००।- | |
| ०६/२०८०/०८१ | साविक गा.वि.स. मुडली-६ | सार्वजनिक पोखरी | ०-८-१० | ३,८२,५००।- | २०००।- | |
| ०८/२०८०/०८१ | साविक गा.वि.स. मुडली-८,९ | सखुवा पोखरी | २-१५-२ | ५४,३३,७५०।- | २०००।- | |
| ११/२०८०/०८१ | साविक गा.वि.स. वीरंचिबर्वा-२ | सार्वजनिक पोखरी | ०-४-१० | २,०२,५००।- | २०००।- | |
| १२/२०८०/०८१ | साविक गा.वि.स. वीरंचिबर्वा-९ | सार्वजनिक पोखरी | ०-६-० | २,७०,०००।- | २०००।- | |
| १३/२०८०/०८१ | साविक गा.वि.स. वीरंचिबर्वा-८ | सार्वजनिक पोखरी | ०-५-० | २,२५,०००।- | २०००।- | |
| १४/२०८०/०८१ | साविक गा.वि.स. वीरंचिबर्वा-८ | सार्वजनिक पोखरी | ०-५-० | २,२५,०००।- | २०००।- | |

(नमोनाथ प्रसाद यादव)

प्रमुख प्रशासकिय अधिकृत